नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २५८ २०८१ साल जेठ ७ गते सोमबार (20 May 2024 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा महाकुम्भ मेला र.. ३ पृष्ठमा : सुनकोसी मरिण डाइभर्सनः ... ३ पृष्ठमा रमजानको समयमा लुटपाटका ...

# प्रतिनिधि सभाको कुनै गतिविधिमा सात सांसदलाई संलग्न नगराउन उपेन्द्र यादवको अनुरोध



**दैनिक समाचारदाता**
**काठमाडौं, ६ जेठ ।**

प्रधानमन्त्री प्रचण्डले सोमबार प्रतिनिधि सभाको बैठकमा विश्वासको मत लिने तयारी गरेको बेला जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो दलबाट पार्टी फुटाएको भनिएका ७ सांसदलाई सो कार्यक्रममा सहभागी नगराउन सभामुखलाई अनुरोध गरेका छन् ।

आइतबार सभामुख देवराज घिमिरेलाई पत्र लेख्दै अध्यक्ष यादवले जनता समाजवादी दलबाट संघीय संसद् सदस्यमा प्रतिनिधित्व गर्ने ७ जना सांसदहरु अशोक कुमार राई, नवल किशोर साह सुडी, रञ्जुकुमारी झा, वीरेन्द्र प्रसाद महतो, प्रदीप यादव, हसिना खान र सुशीला श्रेष्ठले हाल प्रचलनमा नरहेको राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ३३ को २ र उक्त ऐनको दफा ३३ को २ अनुसार तर्जुमा गरिएको राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम ५ को व्यवस्था अनुसार छुट्टै दल जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता गरेको उल्लेख गरेका छन् ।

सो दल दर्ता कानुन विपरीत रहेको र त्यसमाथि सर्वोच्च अदालतमा दायर मुद्दामा सर्वोच्चले 'निर्वाचन आयोगले गत वैशाख २४ गतेको बैठकबाट भएका निर्णयहरू र सोका आधारमा भएका कामकारबाहीलाई जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यथास्थितिमा राख्न' आदेश जारी भएको उल्लेख गरेका छन् ।

साथै वर्तमान कानुनी व्यवस्थाका आधारमा उनीहरूको पद रिक्त भएको दाबी गर्दै सर्वोच्चको अन्तरिम आदेश नआउन्जेलसम्म उनीहरूलाई प्रतिनिधि सभाको कुनै गतिविधिमा संलग्न गराउन नहुने भन्दै अध्यक्ष यादवले सर्वोच्चको आदेशको पालना गर्दै ती ७ सांसदलाई विश्वासको मत लिने कार्यक्रममा संलग्न नगराउन अनुरोध गरेका छन् ।

# साईकल चोरी गर्दै हिडेका दुई चोर पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ जेठ ।**

सप्तरी जिल्लामा साईकल चोरको विगविगी बढिरहेको वेला आईतवार दुई चोर रंगेहात पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा जिल्लाको महादेवा गाउँपालिका १ पकरी निवासी २५ वर्षिय महम्मद जवाहर र २६ वर्षिय सकिल पमरिया छन् ।

राजविराज ५ स्थित पब्लिक विन्देश्वरी माध्यमिक विद्यालय परिसरमा राखिएको साईकलको ताला फुटाई चोरेर लादै गरेको अवस्थामा विद्यार्थीहरुले उनीहरुलाई नियन्त्रणमा लिएका थिए ।

पक्राउ परेका दुबै जनार्ला प्रहरीको जिम्मा लगाइएको थियो । उनीहरुको साथबाट साईकलको ताला फुटाउन प्रयोग गरिने केही उपकरण समेत बरामद भएको विद्यार्थीहरुले बताएका छन् ।

केही दिन यता नगरका सार्वजनिक स्थान, विभिन्न कार्यालय र विद्यालय परिसरबाट हरेक दिन जसो पार्किङ्ग गरी राखिएको साईकल चोरी हुदै आएको छ ।

अघिल्लो दिन यहाँ स्थित शिब्स इन्टरनेशनल बोडिङ्ग स्कुलबाट पनि एउटा साईकल चोरी भएको थियो । सो

*बाँकी अन्तिम पृष्ठमा*



अनुरोधकर्ता
कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी

# पत्रकार रोहिताको दुर्घटनामा भएको निधनबारे महासंघद्वारा सुक्ष्म अनुसन्धानको माग

**दैनिक समाचारदाता**
**राजविराज, ६ जेठ ।**

धनुषाका पत्रकार शिवेन्द्र रोहिताको मोटरसाइकल दुर्घटनामा परेर भएको निधनबारे नेपाल पत्रकार महासंघले सुक्ष्म अनुसन्धानको माग गरेको छ ।

जेठ ५ गते शनिबार बिहान करिव ३:०० बजेतिर पत्रकार रोहिता सवार प्रदेश २ ज ५६९४ नम्बरको मोटरसाइकललाई बा २१ च ३३४३ नम्बरको कारले जनकपुरधामको थापाचोकमा ठक्कर दिंदा पत्रकार रोहितको निधन भएको हो ।

महासंघका महासचिव रोशन पुरीद्वारा आइतबार जारि विज्ञप्तिमा धनुषामा क्रियाशील पत्रकार शिवेन्द्र रोहिताको मोटरसाइकल दुर्घटनामा परी ३२ वर्षको अल्पायुमै निधन भएको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको जनाइएको छ ।

विज्ञप्तिमा घटनाको प्रकृति र पत्रकार रोहिता सवार मोटरसाइकलमा पछाडी बसेका घाइतेको भनाइअनुसार घटना रहस्यम र शंकास्पद देखिने आधारहरु रहेकोले घटनाको सुक्ष्म अध्ययन र अनुसन्धान गरी दोषीमाथि कानुनी बमोजिम कारबाहीको माग गरिएको छ ।

धनुषामा रहेर पत्रकारितामा सक्रिय पत्रकार रोहिता पछिल्लो समय 'राजधानी जनकपुर अनलाइन' मा कार्यरत हुनुहन्थ्यो । उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जाशील युवा पत्रकार गुमाएको विज्ञप्तिमा जनाइएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय रोहिताप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । र, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गरेको छ ।

# नवनिर्वाचित पदाधिकारीद्वारा पदभार ग्रहण

**दैनिक समाचारदाता**
**राजविराज, ६ जेठ ।**

मदिरा व्यवसायी संघ सप्तरीका नवनिर्वाचित पदाधिकारीहरुले पद तथा गोपनियताको शपथ लिदै पदभार ग्रहण गरेका छन् ।

आईतवार एक कार्यक्रमको आयोजना गरी नवनिर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितीका संयोजक निरज कुमार सिंहले पद तथा गोपनियताको शपथ ग्रहण गराएका छन ।

गत बैशाख २२ गते

*बाँकी तीन पृष्ठमा*

## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सकारात्मक कार्यप्रति प्रोत्साहन गरौं

हरियो वन नेपालको धन भन्ने उखान अहिले हराउँदै गएको बेला डिभिजन वन कार्यालय सप्तरीले पुनः त्यस उखानलाई स्थापित गर्न लागिपरेको छ । लाखौं नयाँ बिरुवा उत्पादन र अतिक्रमित जग्गा घेरवार गरि वन विस्तार र संरक्षणका लागि वन कार्यालय लागिपरेको हो । जिल्लामा ३ लाख ६० हजार विभिन्न जातका विरुवाहरु उत्पादन गरेर निशुल्क रुपमा बितरण गरि जिल्लालाई हराभरा गर्ने लक्ष्य लिएको छ । वन व्यवस्थापन, संरक्षण र आर्थिक उपार्जनका विभिन्न गतिविधिमा जोड दिदै विभिन्न प्रजातिका बोटविरुवा र जडीबुटि उत्पादनदेखि उधमशिल विकासमा समेत वन कार्यालय सक्रिय देखिएको छ ।

वर्षेनी वनजंगल क्षेत्र कम हुँदै गएको बेला वन कार्यालयले चलाएको अभियान र तयार पारेको कार्ययोजनाले जिल्लामा वन क्षेत्रको विकास, बिस्तार र संरक्षणमा महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास गरिएको छ । अतिक्रमित वनको जग्गा पुनः आफ्नो अधिनमा लिएर वन कार्यालय त्यसलाई हराभरा गर्नेतर्फ अग्रसर भएको छ । यस्तै खाँडो खोला नदी उकास जग्गा र कंचनरुप नगरपालिका ४ पौडा खोला वन क्षेत्रमा बृक्षारोपन, अतिक्रमित वन क्षेत्र खाली र तारले घेरवार लगायतका काम गरी वन क्षेत्रको विकास र संरक्षण कार्यलाई तिब्र बनाएको छ ।

यसरी डिभिजन वन कार्यालयले वन जंगल कराभरा गर्नेतर्फ अग्रसर भइरहेको बेला सम्पूर्ण जिल्लावासी समेतले यस अभियानलाई सहयोग गर्नुपर्छ । तसर्थ यस्ता सकारात्मक कार्यप्रति जनताले मनोवल बढाउनुका साथै समयम समयमा निगरानी गर्नु पनि उत्तिकै आवश्यक छ ।

# जलवायु जोखिमः हिमाली मुलुकका मुद्दा स्थापित गर्न अन्तर्राष्ट्रिय संवाद, २३ देशका विज्ञ सहभागी हुँदै

**भीष्मराज ओझा**
काठमाडौँ, ६ जेठ (रासस) ।

पर्वतीय मुलुक नेपालले लामो समयदेखि अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनका कारण हिमालमा परेका असरबारे आवाज उठाउँदै आएको छ । फलतः गत वर्षको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८)ले पहिलोपटक जलवायुले हिमालमा पारेका असरलाई आफ्नो निर्णयमा समावेश गर्दै असरकम गर्ने प्रतिकार्यको प्रभावकारी कार्यान्वयनमा जो ड दिँदै आएको छ ।

नेपालले अब यो मुद्दा अन्तर्राष्ट्रिय रूपमा आफ्नो नेतृत्वसहित स्थापित गर्न काठमाडौँमा यही जेठ ९ र १० गते 'अन्तर्राष्ट्रिय संवाद' गर्दैछ । दुई दिनसम्म सञ्चालन हुने 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'मा २३ देशका विशेषज्ञको सहभागिता हुने निश्चित भएको छ ।

संवादमा नेपाललगायत पर्वतीय र टापु देश, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि गरी दुई सयभन्दा बढीको सहभागिता हुने बताइएको छ । जलवायु परिवर्तनसम्बन्धी यो विज्ञ संवादको उद्देश्य पर्वतीय पारिस्थितिकीय प्रणालीमा आधारित जलवायु उत्थानशील कार्यहरूलाई सुदृढ, समन्वय र प्राथमिकता दिने रहेको मन्त्रालयलका सहसचिव डा महेश्वर ढकालले जानकारी दिनुभयो ।

"जलवायु अन्तर्राष्ट्रिय एजेण्डा भएको र नेपालजस्ता हिमाली मुलुकले यसको समस्या बढी सामना गर्दै आएको छ", उहाँले भन्नुभयो, "सम्मेलनमार्फत यस विषयलाई थप अन्तर्राष्ट्रियकरण गरेर नेपालले पर्वतीय क्षेत्रमा परेको जलवायुका प्रभावलाई नेतृत्व गर्ने र यो मान्यतालाई स्थापित गर्ने तयारी गरेका छौँ ।" यसबाट जलवायु परिवर्तनको वार्ताको क्षमता अभिवृद्धि गर्ने, जलवायु अनुकूलन र न्यूनीकरण कार्यका लागि आवश्यक पर्ने स्रोत जुटाउन अन्तर्राष्ट्रिय समुदायलाई दबाब दिने उद्देश्य पनि रहेको सहसचिव ढकालले बताउनुभयो । "जलवायुका घटना दिनप्रतिदिन बढ्दै छन् । हिमाली र पहाडी क्षेत्रमा तुलनात्मक रूपमा बढी छन् । तसर्थ संस्थागत र सबल रूपमा आवाज उठाउनका लागि पनि यो संवाद उपयोगी हुनेछ", उहाँले भन्नुभयो ।

संवादमा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)का अध्यक्षसमेत आउनुहुनेछ । त्यस्तै युएनएफसिसिसीको सचिवालयका प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घका निकायका प्रतिनिधि, विश्व बैंक, एसियाली विकास बैंकलगायत निकायका प्रतिनिधि सहभागी हुनुहुनेछ ।

पर्वतीय देशहरू र सरोकारवालालाई जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन महासन्धिअन्तर्गतका कार्यक्रममा सहकार्य गर्न वातावरण बनाउने सम्मेलनको लक्ष्य छ । मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा बुद्धिसागर पौडेलले यस संवादले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेका असर र यसका स└ माधान सम्बन्धमा अझ गहन रूपमा बुझ्न मद्दत गर्ने बताउनुभयो । "यस विषयका विशेषज्ञता र अनुभवलाई एकीकृत गर्न, साझा सङ्कल्पसहित पर्वतीय जलवायु उत्थानशील रणनीति विकास गर्नसमेत योगदन पुग्ने हाम्रो ठम्याइ छ", उहाँले भन्नुभयो ।

**विभिन्न नौ विषयका सत्रमा विज्ञसहित छलफल हुने**

संवादको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने कार्यक्रम छ । संवाद क्रममा तीनवटा प्रमुख विषयगत क्षेत्रमा आधारित रहेर दुईवटा प्रारम्भिक र सातवटा संवाद सञ्चालन गर्नेगरी तयारी गरिएको सहसचिव डा पौडेलले जानकारी दिनुभयो ।

पहिलो सत्रमा 'जलवायु विज्ञान र पर्वतीय तथ्य र तथ्याङ्क' को विषयवस्तुमा जलवायु परिवर्तनको प्रभाव, सङ्कटासन्नता र जोखिम, हिमाली क्षेत्रमा भइरहेको वातावरणीय सङ्कटको विषयमा आवश्यक प्रमाणहरू समेट्ने सत्र समावेश गरिनेछ । दोस्रो सत्रमा 'प्रकृतिमा आधारित पर्वतीय उत्थानशीलताका उपायहरू' विषयमा केन्द्रित भएर छलफल गरिनेछ । यो सत्रमा जनता, जलवायु नीति, र समृद्धिका उपायहरू, स्थानीय नेतृत्वमा जलवायु अनुकूलन र जलवायु न्याय, लैङ्गिक समानता र स्थानीय समुदायका आवाज समावेश गरिने छ । त्यस्तै तेस्रो सत्रमा 'पर्वतीय क्षेत्रको संरक्षणका लागि आवश्यक पर्ने सम्भावित स्रोत र अवसरहरूको खोजी गर्नेगरी' मुख्यतया स्वच्छ र हरित ऊर्जामा लगानी वृद्धि गर्ने, जलवायु वित्तलाई सहज र सघन बनाउने तथा अन्तर्राष्ट्रिय सहयोग र क्षेत्रीय साझेदारीलाई अभिवृद्धि गने विषय समावेश छन् ।

प्रधानमन्त्री दाहालका जलवायु विज्ञ डा पुपलर जेण्टलले यो संवादलाई जलवायु परिवर्तनले हिमाली क्षेत्रमा परेको जोखिमबारे छलफल गर्न सशक्त मञ्चका रूपमा स्थापित गरिने उल्लेख गर्नुभयो । संवादका माध्यमबाट जलवायु परिवर्तनले हिमाली क्षेत्रमा परेको जोखिमको बारेमा सचेतना जगाउने, पर्वतीय देशहरूको साझा मुद्दा र समस्या पहिचान गरी सहयोग आदानप्रदान गर्न सहज हुने उहाँले बताउनुभयो । "हिमाली क्षेत्रमा बसोबास गर्ने वा आश्रित समुदायलाई अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रक्रियामा उनीहरूको हक अधिकार सुरक्षित गर्न साझा मञ्चको विकास गर्न मद्दत हुने अपेक्षा गरेका छौँ" उहाँले भन्नुभयो ।

जलवायु परिवर्तनको असरसँग अनुकूलन हुन पर्वतीय क्षेत्रका जनता र उनीहरूको जीविकोपार्जनमा हुने हानी-नोक्सानीलाई न्यूनीकरण गर्न, स्वच्छ ऊर्जा सङ्क्रमणलाई प्रवर्द्धन गर्ने, नवप्रवर्तन ज्ञान, अनुसन्धान र नवीन समाधानहरू र अन्वेषणहरू एकापसमा आदानप्रदान गर्न योगदान हुने उहाँ बताउनुहुन्छ । यस संवादबाट पर्वतीय राष्ट्र र यस क्षेत्रमा बसोबास गर्ने वा आश्रित बासिन्दाको लागि प्रविधि हस्तान्तरण, क्षमता विकास र जलवायु वित्तसम्बन्धी बहुपक्षीयता, सहयोग र साझेदारीलाई बढावा दिने बताइएको छ ।

"संवादको उद्देश्य संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)को ६०औँ सत्रमा आयोजना हुने हिमाल र जलवायु परिवर्तनसम्बन्धी विशेषज्ञको संवादमा पर्वतीय समस्या समाधान गर्न ठोस मार्गचित्र र रणनीति तयार गर्नु रहेको छ", जलवायु विज्ञ डा जेण्टलले भन्नुभयो, "यसका निष्कर्षलाई आगामी जुनमा जर्मनीको बोनमा हुने साब्टाको ६०औँ सत्रमा जोड्ने र त्यसपछि आगामी कोप-२९ का एजेण्डामा प्रवेश गराई संस्थागत गराउने योजना छ ।"

पर्वतीय क्षेत्रले विश्वको १५ प्रतिशतभन्दा बढी जनसङ्ख्यालाई बास, गाँस र कपासको आधारशिलाको प्रत्याभूति गरेको छ । साथै ५० प्रतिशतभन्दा बढी वनस्पति र वन्यजन्तुलाई आश्रयस्थलसमेत प्रदान गरेको छ । पर्वतीय क्षेत्रले प्रदान गर्ने सफा पानी, स्वच्छ हावा र स्वस्थ्य पारिस्थितिकीय प्रणालीले समग्र मानव जगत्लाई सेवा दिँदै आएका छन् । तर पर्वतीय क्षेत्रको महत्व उजागर गर्न र यस क्षेत्रले भोगेका समस्या अन्तर्राष्ट्रिय सम्मेलनमा उचित स्थान र मान्यताका साथ बुलन्द हुन नसक्दा नेपाललगायत पर्वतीय देशहरू आशातित लाभ लिनबाट बञ्चित भएका छन् ।

**दुबई सम्मेलनमा पहिलोपटक हिमालका मुद्दा स्वीकार**

संयुक्त अरब इमिरेट्सको दुबईमा गत मङ्सिर १४ देखि २६ गतेसम्म भएको कोप-२८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु सङ्कटका बारेमा निर्णय गरेको थियो । सम्मेलनले आगामी जुनमा हुने युएनएफसिसिसीअन्तर्गतको 'साब्टा'को ६०औँ बैठकमा 'हिमाल, मानव र जलवायु परिवर्तन विषयमा विज्ञहरुको संवाद' आयोजना गर्न निर्देशन दिएको थियो ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप-१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबार नेपालले विश्वको ध्यानाकर्षण गराउँदै आएको छ । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आए पनि यसबारेमा अपेक्षाकृत उपलब्धि हासिल भएको थिएन ।

संयुक्त राष्ट्रसङ्घका

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

तातो हावा तथा लु लाग्दाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने



गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।

अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी

# प्रहरी जवानको हत्या आरोपमा सात जना पक्राउ

काठमाडौं, ६ वैशाख (रासस)। ट्राफिक प्रहरी प्रभाग, दरबारमार्गमा कार्यरत प्रहरी जवान युवराज घिमिरेको हत्या आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँले आइतबार पत्रकार सम्मेलनमार्फत प्रहरी जवान घिमिरेको हत्या आरोपमा एक नाबालकसहित सात जनालाई सार्वजनिक गरेको हो।

घटनामा संलग्न रहेको अभियोगमा भक्तपुरको चाँगुनारायण नगरपालिका-१ घर भई हाल मनमैजु बालाजु, जरखुलगायत स्थानहरूका सडकपेटीमा बस्ने २१ वर्षीय आइते भन्ने सचिन परियार, नुवाकोट दुप्चेश्वर गाउँपालिकाकी १८ वर्षीया अञ्जली श्रेष्ठ, स्याङजाको आँधीखोला गाउँपालिका-३ की २१ वर्षीया विपना, वसन्ती भनिने बसुन्धरा कार्की, आधीँखोलाकै ५६ वर्षीया नुनमाया कार्की, नुवाकोटको तादी गाउँपालिका-४ ओखरेकी २१ वर्षीया बुद्ध लामा तामाङ, सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-१ का ३० वर्षीय दोर्जे भनिने अमृत तामाङ र एक १३ वर्षीय बालकलाई पक्राउ गरिएको प्रहरी वरिष्ठ उपरीक्षक बसन्त रजौरेले जानकारी दिनुभयो।

उहाँका अनुसार अभियुक्तहरु अष्टनारायण हलपछाडि, २२ धारा जङ्गलबाट भाग्न लागेको अवस्थामा प्रहरीले एक राउन्ड हवाई फायर गरी पक्राउ गरिएको हो।

खोटाङको मजुवागढी गाउँपालिका- १ घर भई हाल ट्राफिक प्रहरी प्रभाग दरबारमार्गमा कार्यरत मृतक प्रहरी जवान घिमिरेको शव शुक्रबार काठमाडौँको तार्केश्वर-९ मनमैजुमा फेला परेको थियो। स्थानीय जोनस खत्रीको निर्माणाधीन घरको भुई तलामा स्याटले छोपेको अवस्थामा शव फेल परेको प्रहरीले जनाएको छ।

## एम्बुलेन्सको ठक्करबाट महिलाको मृत्यु, दुईजना घाइते

लुम्बिनी, ६ जेठ (रासस)। पूर्वपश्चिम राजमार्गअन्तर्गत बुटवल उपमहानगरपालिका-१३ स्थित झोलुङ्गे पुल नजिकै एम्बुलेन्सको ठक्करबाट एकजनाको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार अर्घाखाँचीबाट बुटवलतर्फ बिरामी लिएर आउँदै गरेको लु१ज ५३१ नम्बरको एम्बुलेन्सले बुटवल-१३ झोलुङ्गे पुल नजिकै ठक्कर दिँदा आइतबार बिहान बुटवल-११ देवीनगरकी ५६ वर्षीया कमला नेपालीको मृत्यु भएको हो। एम्बुलेन्सको ठक्करबाट अन्य दुईजना महिला घाइते भएका छन्।

एम्बुलेसको ठक्करबाट घाइते कमलालाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा ल्याइएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। देवीनगरकै ५५ वर्षीया हरिकला नेपाली र ३५ वर्षीया झुपा ठटराई घाइते भएका छन्। उनीहरूको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। एम्बुलेन्स चालक अर्घाखाँचीको पाणिनी गाउँपालिका-७ का नारायणबहादुर मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### जलवायु जोखिमः...

महासचिव एन्टोनियो गुटेरेसले कोप-२८ को उद्घाटन समारोहमा नेपालको नाम नै उच्चारण गर्दै विश्व तापमानमा भएको वृद्धिका कारण हिमालमा परेको असरबारे उल्लेख गर्नुभएको थियो। उहाँले सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिकमा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको भ्रमणसमेत गर्नुभएको थियो। उहाँको यो भ्रमणले पनि नेपाललाई हिमालका मुद्दा उठाउन सहज भएको थियो। प्रधानमन्त्री दाहालको नेतृत्वमा कोप-२८मा भएको सहभागितामा पर्वतीय मुलुकका मुद्दा प्रस्तुतिका साथ नेपालले पहिलोपटक उच्चस्तरीय गोलमेच बैठकको आयोजना गरेको थियो।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेको छ। सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। तापक्रम वृद्धिले यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लिने जोखिम बढेको छ।

अघिल्ला दशकका तथ्याङ्क विश्लेषण गर्दा हिमालमा प्रतिदशक शून्य दशमलव ०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ। तापक्रम वृद्धिसँगै हिमनदी पग्लिने क्रम पनि बढिरहेको छ। यसको प्रत्यक्ष असर हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीदेखि टापु राष्ट्रसम्म परेको छ। सन् १९८० देखि २०१० सम्मको अवधिमा भएको तापमान वृद्धिले २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको छ। अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हाल नेपालमा दुई हजार ७० हिमताल छन् र तीमध्ये २१ वटा जोखिममा छन् भने चीनको स्वशासित क्षेत्र तिब्बतका २५ र भारतको एउटा हिमताल जोखिममा छ।

### नवनिर्वाचित ...

सम्पन्न संघको दोश्रो जिल्ला अधिवेशनबाट मुकेश कुमार सिहको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतले चयन गरिएको थियो।

नव गठित समितीको उपाध्यक्षमा निरज सिंह, महासचिवमा सुरेन्द्र विमल, सचिवमा कमल साह, सहसचिवमा सुनिल श्रेष्ठ र कोषाध्यक्षमा मुकेश सिंह रहेका छन्। यसै गरी सदस्यमा उपेन्द्र साह, अरुण यादव, बजरंग सिंह, भुषण साह र राम सेवक साह छन।

नवगठित कार्य समितीको कार्यकाल तीन वर्षको रहेको छ। पदभार कार्यक्रममा संघका निर्वतमान अध्यक्ष शिव नारायण साह, निर्वाचन समितीका संयोजक निरज कुमार सिंह लगायतले नवनिर्वाचित कार्यसमितीलाई बधाई तथा शुभकामना दिएका थिए।

नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं, नेपाल

सम्पर्क नं.०१-५९०९३४४

**सूचना**

सामाजिक सञ्जाललगायत विभिन्न माध्यममा विभिन्न प्रकार र नामका चिया, तेल, स्याम्पो, औषधिजस्ता वस्तुले विभिन्न खालका रोग निको पार्ने तथा जुनसुकै स्वास्थ्य समस्या पनि समाधान गर्ने भन्दै चर्को मुल्य राखी विक्री वितरणका लागि भ्रमपूर्ण विज्ञापन प्रकाशन तथा प्रसारण गरेको अनुगमनको क्रममा पाईएको छ। ती विज्ञापनमा वस्तु वा सेवा उत्पादन गर्ने व्यक्ति र कम्पनीको नाम समेत उल्लेख भएको नपाईएको र त्यस्ता विज्ञापनका विषयमा बोर्डमा उजुरी समेत प्राप्त भईरहेको व्यहोरा जानकारी गराईन्छ ।

बोर्डबाट श्रव्य, दृष्य तथा श्रव्यदृष्य विज्ञापन सामग्री प्रसारण गर्नुपुर्व परीक्षण गराएर मात्र प्रसारण गर्नुपर्ने व्यवस्था विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को दफा ५ मा भएको साथै विज्ञापन गर्दा विज्ञापनकर्ताको नाम र ठेगाना स्पष्ट रुपले उल्लेख हुनुपर्ने व्यवस्था ऐनको दफा ९ मा रहेकोले उक्त कानुनी व्यवस्था विपरित प्रसारण भएका त्यस्ता विज्ञापन तत्काल रोकी यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन अनुमति लिएर मात्र प्रसारण गर्नु गराउनु हुन अनुरोध छ। अनुमति वेगर विज्ञापन निरन्तर प्रसारण गरेमा कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाईने व्यहोरा समेत सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मिति: २०८१/०२/०६

निशानराज गौतम
प्रवक्ता एवं प्रमुख प्रशासकीय अधिकृत
विज्ञापन बोर्ड

## विश्व समाचार

### भारत प्रशाशित काश्मिरमा संदिग्ध विद्रोहीद्वारा भाजपाका स्थानीय नेताको हत्या

नयाँदिल्ली, ६ जेठ (रासस/एएफपी)। भारत प्रशासित काश्मिरमा संदिग्ध विद्रोहीले भारतीय जनता पार्टी (भाजपा) का स्थानीय नेतालाई गोली हानी हत्या गरेको स्थानीय अधिकारीहरूले आइतबार जानकारी गराएका छन्।

सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का भारतको शोपियान जिल्लामा शनिबार साँझ गोली स्थानीय नेता एजाज अहमदमाथि गोली प्रहार भएको प्रहरीले जनाएको छ।

काश्मिरस्थित भाजपाको स्थानीय कार्यालयले अहमदको मृत्यु भएको पुष्टि गर्दै आक्रमणको विरोधमा प्रदर्शन गर्ने घोषणा गरेको छ।

सोही दिन नजिकैको अनन्तनागमा सन्दिग्ध विद्रोहीको आक्रमणमा परी हिमालय क्षेत्रमा आएका दुई भारतीय पर्यटक पनि घाइते भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सुरक्षा फौजले आसपासका क्षेत्रलाई घेराहाली छुट्टाछुट्टै घटनामा संलग्न आक्रमणकारीको खोजी गरिरहेको छ।

सन् १९४७ मा स्वतन्त्र भएदेखि नै काश्मिर भारत र पाकिस्तानबीच विभाजित हुँदै आएको छ र दुवैले हिमालयक्षेत्रको पूर्णदाबी गर्दै आएका छन्।

भारतीय शासनको विरोध गर्ने विद्रोही समूहहरूले दशकौंदेखि भारत प्रशासित काश्मिरमा विद्रोह गर्दै आएका छन्। कतिपय समूहले आफ्नो क्षेत्रलाई पाकिस्तानमा विलयको मागसमेत गर्दै आएका छन्।

भारतले विद्रोही लडाकुलाई पाकिस्तानले समर्थन गरेको आरोप लगाएको छ तर इस्लामाबादले भने त्यसको खण्डन गर्दै आएको छ। यस द्वन्द्वमा दशौं हजार सर्वसाधारण, सैनिक र लडाकूको मृत्यु भएको छ।

सन् २०१९ मा मोदी सरकारले मुस्लिम बाहुल्य क्षेत्रको सीमित स्वायत्तता खारेज गरी नयाँ दिल्लीबाट प्रत्यक्ष शासनमा ल्याएपछि हिंसामा निकै कमी आएको छ।

काश्मिरमा गत महिना भएको आम निर्वाचनमा मतदान सुरु भएयतो झडपका घटनाहरु भएको सुरक्षा बलल जनाएको छ।

यसै महिनाको सुरुमा संदिग्ध विद्रोहीहरूले भारतीय वायु सेनाका एक सदस्यको हत्या गर्नुका साथै अन्य चार जना घाइते हुनेगरी आक्रमण गरेका थिए।

### अफगानिस्तानमा बाढीमा परी ज्यान गुमाउनेको संख्या १२० पुग्यो

काबुल (अफगानिस्तान), ६ जेठ (रासस/सिन्ह्वा)। अफगानिस्तानको उत्तरी फरयाव र पश्चिमी घोर प्रान्तमा शुक्रबार र शनिबार भएको भारी वर्षापछि आएको बाढीका कारण कम्तिमा १२० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

फरयाब प्रान्तमा शनिबार राति मात्र बाढीका कारण कम्तीमा ४७ जनाको मृत्यु भएको संस्कृति तथा सूचना विभागका प्रान्तीय निर्देशक सम्सुद्दिन मोहम्मदीले बताउनुभएको छ।

फरयाब प्रान्तका अर्का अधिकारीले सोही दिन दिउँसो १८ जनाको मृत्यु भएको बताउनुभयो। "यससँगै अफगानिस्तानमा बाढीमा परी पछिल्ला दुई दिनमा बाढीमा परी मृत्यु हुनेको सङ्ख्या १२० पुगेको छ," मोहम्मदीले बताउनुभयो।

प्रान्तको बेलचाराग, चेहलगाजी र कारघान जिल्लामा भएको प्राकृतिक दुर्घटनामा परी ज्यान गुमाउनेको सङ्ख्या अझै बढ्न सक्ने जानकारी दिनुभएको छ।

यसैबीच घोर प्रान्तमा शुक्रबार र शनिबार आएको बाढीबाट ज्यान गुमाउनेको सङ्ख्या ५५ पुगेको घोर प्रान्तका गभर्नरका प्रवक्ता अब्दुल वाहिद हमासले आइतबार बताउनुभयो।

### इजरायली हवाई आक्रमणमा २० जनाको मृत्यु

गाजापट्टी (प्यालेस्टिनी क्षेत्र), ६ जेठ (रासस/एएफपी)। मध्यप्यालेस्टिनी क्षेत्रमा रहेको शरणार्थी शिविरको एक घरलाई लक्षित गरि गरिएको इजरायली हवाई आक्रमणमा परी कम्तीमा बीस जनाको मृत्यु भएको आइतबार गाजा अस्पतालले जनाएको छ।

"मध्य गाजाको अल-नुसिरात शरणार्थी शिविरमा रहेको हसन परिवारको घरलाई इजरायली हवाई आक्रमणले निशाना बनाएपछि बीस जना मृत र धेरै घाइते अवस्थामा यहाँ ल्याइएको छ", अल-अक्सा शहीद अस्पतालमा एक विज्ञप्तिमा भनिएको छ।

प्रत्यक्षदर्शीका अनुसार ३ बजे स्थानीय समयमा आक्रमण भएको थियो। इजरायली सेनाले घटनको रिपोर्ट जाँच गरिरहेको बताएको छ।

प्यालेस्टिनी आधिकारिक समाचार एजेन्सी वफाले घाइतेहरुमध्ये धेरै बालबालिका रहेका र उद्धारकर्ताहरूले भग्नावशेषमुनि फसेका व्यक्तिहरूको खोजी गरिरहेको जानकारी दिएको छ।

उत्तरी गाजाको जवालिया शिविरमा पनि प्यालेस्टिनी लडाकु र इजरायली सेनाबीच केही दिनदेखि झडप हुँदै आइरहेको छ।

प्रत्यक्षदर्शीका अनुसार गाजा क्षेत्रमा रातको समयमा भएको हवाई आक्रमणमा अन्य धेरै घरहरू लक्षित गरिएको साथै राफाहका केही भागहरूमा पनि हवाई आक्रमण र गोलाबारी भएको थियो।

घटनाको अघिल्लो दिन गाजामा थप दुई जना सैनिक मारिएको इजरायली सेनाले जनाएको छ। अक्टोबर २७ मा आक्रमण सुरु भएदेखि गाजाको सैन्य अभियानमा अहिलेसम्म दुई सय ८२ जना सैनिक मारिएको सेनाले जनाएको छ।

# देशभर पश्चिमी र स्थानीय वायुको प्रभाव कायमै

काठमाडौँ, ६ जेठ (रासस)।

हाल देशमा पश्चिमी र स्थानीय वायुको प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले कोशी, मधेस र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहेको बताएको छ।

विभागका अनुसार अहिले कोशी प्रदेशको केही स्थान र बागमती प्रदेशको पहाडी भूभागको केही भागमा मेघगर्जन, हुरीबतास एवं चटचाङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

विभागले आइतबार दिउँसो कोशी र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहने जनाएको छ। कोशी र गण्डकी प्रदेश तथा बाँकी प्रदेशका पहाडी भागका केही स्थानका साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रका एक-दुई स्थानमा मेघगर्जन, हुरीबतास एवं चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। देशको उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना पनि रहेको विभागले अहिले बिहान छ बजे जारी गरेको मौसम बुलेटिनमा उल्लेख छ।

त्यसैगरी, आइतबार राति कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत देशका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहने छ। मधेस र लुम्बिनी प्रदेशलगायत कोशी, बागमती, गण्डकी कर्णाली प्रदेशका पहाडी भागका केही स्थानमा मेघगर्जन, हुरीबतास एवं चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। विभागका अनुसार कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्का हिउँ पर्नसक्ने छ।

आगामी २४ घण्टामा कोशी र गण्डकी प्रदेशको केही स्थान तथा बाँकी प्रदेशको पहाडी भागका केही भेगका साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भागका एक-दुई स्थानमा मेघगर्जन, हुरीबतास एवं चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। विभागले देशको उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको छ।

काठमाडौँ उपत्यकाको अहिलेको तापक्रम २० डिग्री सेल्सियस छ। आइतबार यहाँको अधिकतम तापक्रम २८ देखि ३० डिग्री सेल्सियसकाबीच रहने विभागको पूर्वानुमान छ।

## साईकल चोरी ...

विद्यालयको सीसी क्यामरा फुटेजमा देखिएको साईकल चोरको अनुहार पक्राउ परेकाहरु संग मिलेकाले हाल भइरहेको साईकल चोरीका अधिकाँश घट्नामा उनीहरुको संलग्नता भएको हुन सक्ने अनुमान गरिएको छ।

एक वर्षको अवधीमा सो विद्यालयबाट मात्रै सात वटा साईकल चोरी भएको प्रिन्सपल नरेश प्रताप साहले बताए। उनले चोरले हैरान बनाएपछि निगरानीका लागी सीसी टिभी क्यामरा जडानका साथै थप सुरक्षा गार्ड राख्नु परेको समेत सुनाए।

यस अघि भएका साईकल चोरीका घटना सम्बन्धमा पनि पक्राउ परेकाहरुबाट सोधपुछ भइरहेको प्रहरीको भनाई छ। पक्राउ परेकाहरु उपर चोरी उधोग मुद्दामा अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए।





अनुरोधकर्ता
सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*